रोल्पा नगरपालिका
Rolpa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
लिबाङ,रोल्पा
Libang, Rolpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

# भ्यू टावर र ढुंगे बगैचा भाडामा दिने सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/०१/१२ (ने.सं. ११४५)**

रोल्पा नगरपालिका वडा नं. ३ सातदोबाटो, रोल्पामा रहेको भ्यू टावर र संगै रहेको ढुंगे बगैचालाई भाडामा लगाउन मिति २०८१/११/०४ मा कबोल रकम रु. ८०,०००/- (असी हजार रुपैयाँ मात्र) राखि सूचना प्रकाशन गरिएकोमा कुनैपनि निवेदन प्राप्त नभएकाले रोल्पा नगरपालिका, राजश्व परामर्श समितिको मिति २०८२/०१/१० को निर्णय एवं नगर कार्यपालिकाको मिति २०८२/०१/१२ को निर्णय अनुसार २ वर्षको अवधि रहनेगरी निजी क्षेत्र मार्फत सञ्चालन गर्नका लागि तोकिएको शर्त तथा मापदण्डहरुको परिधि भित्र रहि भाडामा लिन ईच्छुक व्यक्ति/फर्म/कम्पनीहरुलाई रितपूर्वक सिलबन्दी बढावढ पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

- **खामबन्दी (सिलबन्दी) दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरुः-**
  - ✓ व्यक्ति/फर्म/कम्पनीको तर्फवाट निवेदन-१ प्रति,
  - ✓ व्यक्ति/फर्म/कम्पनी प्रमुखको नागरिकताको छाँयाप्रती-१ प्रति,
  - ✓ फर्म र कम्पनीको हकमा फर्म तथा कम्पनी दर्ताको प्रमाण पत्रको छाँयाप्रति-१/१ प्रति,
  - ✓ फर्म र कम्पनीको हकमा कर चुक्ताको प्रमाण पत्रको छाँया प्रति-१ प्रति,
  - ✓ दरभाउपत्र सम्वन्धी कागजपत्र बापतको दस्तुर रु. १०००/- (एक हजार) फिर्ता नहुनेगरी, रोल्पा नगरपालिकाको आन्तरिक राजश्व (खाता नं. ०७६०३०००००१००१०००००१) मा जम्मा गरेको भौचर-१ प्रति,
- **न्यूनतम कबोल रकमः** मासिक रु. ६०,०००/- **(साठी हजार)** नघटाई दरभाउपत्र पेश गर्नुपर्नेछ।
- **दरभाउपत्र खरिद गर्ने मिति, समय र स्थानः** मिति २०८२/०१/१३ देखि मिति २०८२/०१/२७ गते सम्म कार्यालय समय भित्र रोल्पा नगरपालिका, राजश्व शाखावाट खरिद गर्न सकिनेछ।
- **दरभाउपत्र पेश गर्ने समय र स्थानः** रोल्पा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, राजश्व शाखामा मिति २०८२/०१/२८ गते दिउँसो १२:०० बजेसम्म। म्याद नाघि आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।
- **दरभाउपत्र खोल्ने समय र स्थानः** मिति २०८२/०१/२८ गते दिउँसो २:०० बजे रोल्पा नगरपालिका, राजश्व शाखा, रोल्पा। उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट दरभाउपत्र खोलिनेछ।
- **धरौटी रकमः** रोल्पा नगरपालिकाको धरौटी खाता नं. **०७६०३०००००३००००००१** मा रु. ५०,०००/- (पचास हजार) जम्मा गरेको भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।
- **शर्तहरुः** रोल्पा नगरपालिकाको **भवन, पार्क, भ्यू टावर भाडामा दिने सम्बन्धी मापदण्ड, २०८१** मा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नुपर्नेछ।
- **थप जानकारीका लागि सम्पर्क नं.:** रोल्पा नगरपालिकाका राजश्व शाखा प्रमुख सहायक पाँचौ श्री हरि बहादुर के.सी. सम्पर्क नं. ९८४४९४८९७४ मा सम्पर्क गर्नुहोला।

..........१/१/१२
टंक बहादुर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**
श्री सूचना प्रविधि शाखा, वेवसाईट र फेसवुक पेजमा अपलोड गर्नुहुन।

Toll Free No. +977-166-086-44555 ☎Ph. +977-086-440071, ☎ Ph. +977-086440372
http:-rolpamun.gov.np, E-mail- rolpanagarpalika@gmail.com

रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिवाङ, रोल्पा
२०७३

## भ्यू टावर र ढुंगे बगैचा भाडामा दिने सम्बन्धी शर्तहरु

- भाडाको अवधिः २ वर्षको लागि लागु हुनेछ।
- सम्पत्तिको उपयोगः भाडामा लिने व्यक्ति/संस्थाले सम्पत्तिको उपयोग उपयोग सम्झौतामा उल्लेखित उद्देश्यभन्दा फरक तरिकाले गर्न पाइने छैन।
- मर्मत सम्भारः सम्पत्तिको नियमित सामान्य प्रकृतिका मर्मत सम्भार भाडामा लिने व्यक्ति/संस्थाले आफ्नो खर्चमा गर्नुपर्नेछ।द्वितीय पक्षको लापरबाहीका कारण भएका जुनसुकै प्रकारको क्षतिको मर्मत संभार द्वितीय पक्ष स्वयंले गर्नुपर्नेछ ।
- बीमाः भाडामा लिने व्यक्ति/संस्थाले आफ्नो सम्पत्तिको बीमा आफ्नो खर्चमा गराउनुपर्नेछ।
- करः दोस्रो पक्षले आफ्नो सम्पत्तिमा लाग्ने सम्पूर्ण कर स्वयं तिर्नुपर्नेछ।
- भाडामा लिनेले भाडामा दिनेः भाडामा लिने व्यक्ति/संस्थाले नगरपालिकाको लिखित सहमति बिना सम्पत्तिलाई अन्य संस्था/व्यक्तिलाई पुनः भाडामा दिन पाउने छैन।
- सम्झौता रद्दः भाडामा लिने व्यक्ति/संस्थाले सम्झौताका शर्तहरु उल्लङ्घन गरेमा नगरपालिकाले सम्झौता रद्द गर्न सक्नेछ।
- विवाद समाधानः यस सम्झौतामा उल्लेखित कुनै कुरामा विवाद उत्पन्न भएमा, दुवै पक्ष आपसी सहमतिवाट समाधान गर्ने प्रयास गर्नेछन्। सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।
- अन्य थप शर्तहरुः

(१) भाडामा लिनेले ठेक्का रद्ध गर्न चाहेमा १ महिना अगावै नगरपालिकामा लिखित जानकारी गर्नुपर्नेछ ।

(२) भाडामा लिईएको क्षेत्रमा आवश्यक पानी तथा विद्युत महशुलको व्यवस्था दोस्रो पक्षले आफैले गर्नुपर्नेछ । द्वितिय पक्षले सरसफाईको व्यवस्था आफै गर्नु पर्नेछ ।

(३) द्वितीय पक्षले बार्षिक रुपमा तोकिएको रकम तीन किस्तामा दाखिला गर्नु पर्नेछ । प्रथम किस्ता बापत असोज मसान्त सम्म ३० प्रतिशत दोस्रो किस्ता पुस मसान्त सम्म ३० प्रतिशत र तेस्रो बापत जेठ मसान्त सम्म ४० प्रतिशतका दरले दाखिला गर्नेपर्नेछ ।

(४) भ्यू टावर, रक गार्डेन र बाल बाटिकाको प्रवेश शुल्क रोल्पा नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

(५) भ्यू टावरमा भूइतलामा मात्र रेष्टुरेन्ट सञ्चालन गर्न पाउनेछ । नगरपालिकालाई अन्य निकायले तयार गरिदिएको संरचना नगरपालिकाले हस्तान्तरण गरी लिएमा मात्र द्वितीय पक्षलाई दिन सकिनेछ ।

(६) भ्यू टावर र वरपर रहेको मुल संरचनामा असर पर्नेगरी कुनैपनि संरचना बनाउन पाईने छैन । तर अस्थायी र असर नपर्ने संरचना बनाउन यो बुदाले बाधा पार्ने छैन ।

(७) वातावरण प्रदूषण हुने, जलवायु परिवर्तनमा असर गर्ने तथा ध्वनी प्रदूषण हुने जस्ता कार्य गर्न पाईने छैन । ६५ डेसिबल भन्दा बढीको ध्वनी प्रदूषण हुने कार्य निषेध गरिएको छ ।

(८) पार्किङ शुल्क प्रथम पक्ष/रोल्पा नगरपालिकाले तोके बमोजिम हुनेछ । पार्किङ शुल्क संकलनको व्यवस्था द्वितिय पक्षले आफै गर्नु पर्नेछ ।रोल्पा नगरपालिकाका कर्मचारीका लागि निःशुल्क र जेष्ठ नागरिक, पाँच वर्ष मुनीका वालबालिकाका र विद्यार्थीका लागि ५० प्रतिशत छुटमा भ्यू टावर, रक गार्डेन, बालबाटिका प्रवेशको व्यवस्था गर्नु पर्नेछ ।

(९) द्वितीय पक्षले तोकिएको शर्तहरु इमान्दार रुपमा पालना गरी २ वर्ष पश्चात अवधि थप गर्न चाहेमा रोल्पा नगरपालिकाले पुनः निर्णय गरी निरन्तरता दिन प्राथमिकता दिनेछ ।

(१०) प्रथम पक्ष (रोल्पा नगरपालिका) ले अन्य आवश्यक शर्तहरु थप गर्न तथा आवश्यक्ता अनुसार परिमार्जन गर्न सक्नेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner